श्री ५ को सरकार

## महिला तथा समाज कल्याण मन्त्रालयको सूचना

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ३ को उपदफा (१) को प्रयोजनको लागि श्री ५ को सरकारले सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिश बमोजिम अपाङ्गता निर्धारण सम्बन्धमा देहाय बमोजिमको मापदण्ड तोकेको छ ।

१. शारीरिक अपाङ्गताः

जन्मजात वा जन्मपश्चात् दुर्घटना वा रोगले गर्दा भएको शारीरिक कमी कमजोरी वा विकृतिको कारण दैनिक जीवनयापनका कार्यहरू गर्न असक्षम व्यक्तिलाई शारीरिक अपाङ्ग मानिनेछ ।

२. (क) दृष्टिविहीन (Blind):–

कुनै व्यक्तिको आँखा उपचार (औषधी, शल्य चिकित्सा तथा चश्मा प्रयोग) गरेर पनि दश फिटको दूरीबाट हातको औंला राम्रोसंग छुट्याउन नसक्ने अर्थात (Snellen) चार्टको पहिलो लाइनको अक्षर (३।६०) पढ्न नसक्ने अवस्थालाई दृष्टिविहीन (Blind) मानिनेछ ।

(ख) दृष्टिदोषी (Visually impaired):–

कुनै व्यक्तिको आँखाको उपचार (औषधी, शल्य चिकित्सा तथा चश्मा प्रयोग) गरेर पनि बीस फिटको दूरीबाट हातको औंला राम्रोसंग छुट्याउन नसक्ने अर्थात Snellen चार्टको चौथो लाइनको अक्षर (६।१८) पढ्न नसक्ने अवस्थालाई दृष्टिदोष (Impaired vision) मानिनेछ ।

३. सुस्त मनःस्थिति (Mentally Retarted):–

१८ वर्षको उमेर अगावै बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरण सापेक्ष क्रियाकलापहरू गर्न नसक्ने व्यक्तिलाई सुस्त मनःस्थिति भएको व्यक्ति मानिनेछ ।

४. (क) वहिरा (Deaf):–

सुन्ने शक्ति ८० डेसिवल ( 80 db ) सम्मको आवाज नसुन्ने, अस्पष्ट बोल्ने वा बोल्न नसक्ने र संचारको लागि सांकेतिक भाषा प्रयोग गर्ने अवस्थालाई वहिरा (Deaf) मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

282

(ख) सुस्त श्रवण (Hearing Impaired):-

सुन्ने शक्ति ६५ डेसिबल (65 db) देखि ८० डेसिबल (80 db) भन्दा कम भई कान कम सुन्ने, स्पष्टसंग बोल्न नसक्ने, सुन्नलाई कानमा श्रवण यन्त्र राख्नुपर्ने अवस्थालाई सुस्त श्रवण भएको मानिनेछ ।

५. मानसिक रोग (Mantial Disease):-

जन्मजात वा जन्म पश्चात् कुनै दुर्घटना वा रोगले गर्दा भएको मानसिक कमजोरी वा विकृतिको कारण दैनिक जीवनयापनका कार्यहरू गर्न असक्षम व्यक्तिलाई मानसिक रोग भएको मानिनेछ ।

६. अपाङ्गपन :

(क) अशक्त अपाङ्गता:-

दुबै खुट्टा काटिएको वा नचल्ने, दुबै हात नभएको, दुबै आँखा देख्न नसक्ने, वा दृष्टि दोषको कारण काम गर्न असक्षम भएको, एउटा खुट्टा नभएको, हिडडुल गर्न नसक्ने, ह्वील चेयरमा हिड्नु पर्ने, बहिरा, सुस्त श्रवण भएका र सुस्त मनः स्थिति भएका व्यक्तिलाई अशक्त अपाङ्ग मानिनेछ ।

(ख) अति असक्त अपाङ्गता

खण्ड (क) मा उल्लेखित अपाङ्गताको कारणले आफ्नो दैनिक चर्या गर्न समेत अरू व्यक्तिको निरन्तर सहयोग आवश्यक पर्ने अपाङ्ग व्यक्तिलाई अति अशक्त अपाङ्ग मानिनेछ ।

आज्ञाले
उर्मिला श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

268